पत्रोत्तरमा पत्र संख्या मिति उल्लेखित हुन अपेक्षित छ ।

नेपाल सरकार
# वन तथा वातावरण मन्त्रालय

EX: पो. ब. नं. : ३९८७
सिहंदरवार, काठमाण्डौ

पत्र संख्या :-

चलानी नं. :-

प्राप्त पत्र संख्या र मिति :-

## प्रेस विज्ञप्ति

संयुक्त राष्ट्रसंघको महासभाले सन् २००२ लाई अन्तर्राष्ट्रिय पर्वतीय वर्षको रुप घोषणा गरी हरेक बर्ष डिसेम्वर ११ तारिखका दिनलाई पर्वतीय क्षेत्रको संरक्षण र दिगोपनाको लागि अन्तर्राष्ट्रिय पर्वतीय दिवसको रुपमा मनाउने निर्णय गरे पश्चात सन् २००३ देखि यो दिवस मनाउन सुरु गरिएको हो। यस वर्ष अन्तराष्ट्रिय पर्वतीय दिवसको मूल सन्दर्भ "**दिगो पर्वतीय पर्यटन**" रहेको छ। यस दिवसको अवसरमा नेपालमा समेत पर्वतीय क्षेत्रको दिगो विकासका लागि विभिन्न सचेतनामूलक कार्यक्रमहरुको आयोजना गरी मनाउदै आईरहेको छ।

पर्वतीय क्षेत्र प्राकृतिक र सांस्कृतिक सम्पदाले भरिपूर्ण, जैविक विविधता संरक्षणको दृष्टिकोणले महत्वपूर्ण साथै अध्यात्मिक दृष्टिकोणले समेत महत्वपूर्ण छन्। नेपालको सन्दर्भमा पहाड र हिमालको तराईमधेशसँग अनोन्यास्रित सम्बन्ध रहेको छ। नेपालका उच्च हिमश्रृङ्खलाहरु पर्वतारोहणका लागि तथा पहाड र हिमालमा रहेका संरक्षितक्षेत्रहरु प्रकृति पदयात्राका लागि अन्तर्राष्ट्रियस्तरमा प्रख्यात छन्। यस क्षेत्रमा साहसिक पर्यटनका धेरै संभावनाहरु रहेका छन् जसको सदुपयोगबाट नेपालमा गुस्तणरीय पर्यटनको विकास गर्न सकिने प्रशस्त संभावना रहेको छ। पर्वतीय क्षेत्रको दिगो विकासका लागि त्यहाँका प्राकृतिक र सांस्कृतिक सम्पदाको संरक्षण गरी तिनको समुचित उपयोग र प्रवर्द्धन मार्फत पर्यटन विकासको माध्यमबाट त्यहाँका जनताको जीविकोपार्जनमा टेवा पुर्याउन सकिने प्रचुर संभावना रहेको छ। विश्वब्यापी जलवायू परिवर्तनको नकारात्मक प्रभावका कारण नेपालको पर्वतीय क्षेत्र अत्यन्तै जोखिममा रहेको छ। बढ्दो तापक्रमसँगै हिमश्रृङ्खला पग्लिने तथा हिमतालहरु फुट्ने क्रम बढदै जाँदा जनधनको ठूलो हानिनोक्सानी हुनुका साथै समथर तराईमधेसको जनजीवन उच्च जोखिममा रहेको छ। जलवायू परिवर्तनका नकारात्मक प्रभावहरुलाई न्यूनिकरण गर्न जलवायू परिवर्तन अनुकूलनका विभिन्न क्रियाकलापहरु सञ्चालन हुदै आईरहेका छन्।

यस दिवसको अवसरमा वन तथा वातावरण मन्त्रालयले पर्वतीय क्षेत्रको संरक्षण र विकासमा संलग्न नेपाल सरकारका निकायहरु, विकास साझेदार संस्थाहरु, पर्यटन प्रवर्द्धनमा संलग्न संघसस्थाहरु, नीजि क्षेत्र, विषय विज्ञहरु लगायत अन्य सरोकारवाला निकायहरु सम्मिलित एक अन्तरक्रिया कार्यक्रमको आयोजना गरी मनाईयो। उक्त कार्यक्रम वन तथा वातावरण मन्त्रालयका सचिव डा. पेम नारायण कडेंलको ज्यूको अध्यक्षतामा संञ्चालन थियो। उक्त कार्यक्रममा दिगो पर्यटन विकास सम्बन्धी तीन वटा कार्यपत्रहरु प्रस्तुत भएका थिए। दिगो पर्वतीय पर्यटन विकासका लागि प्राकृतिक र सांस्कृतिक सम्पदाको संरक्षण सम्बन्धी नीतिगत विषयमा श्री सन्तोषमणी नेपालले, पर्वतीय पर्यटनका चुनौती, अवसर र सम्भावनाका विषयमा नेपाल पर्यटन बोर्डका प्रमुख कार्यकारी अधिकृत डा. धनञ्जय रेग्मीले र कोभिड-१९ का कारण पर्यटन क्षेत्रमा परेको प्रभावको बारेमा ईसिमोडका पर्यटन बिज्ञ डा. अनु कुमारी लामाले कार्यपत्र प्रस्तुत गर्नुभएको थियो। साथै पर्वतीय क्षेत्रको दिगोपना र पर्यटन विकासका विभिन्न सवालहरुमा गहन छलफल भएको थियो । उक्त कार्यक्रममा पर्वतीय क्षेत्रको संरक्षण र पर्यटन विकासको लागि सरोकारवाला निकायहरुले समन्वयात्मक ढंगले योजना तथा कार्यक्रम तर्जूमा गरी एकिकृतरुपले कार्य सञ्चालन गर्नुपर्ने आवश्यकता महसुस गरिएको थियो। कार्यक्रमको अन्तमा वन तथा वातावरण मन्त्रालयका सचिवज्यूले वन तथा वातावरण मन्त्रालयको संयोजनमा सरोकारवाला निकायहरु सम्मिलित एक कार्यदल गठन गरी पर्वतीय दिगोपना सहितको पर्यटन विकासका लागि रणनीतिक योजना तयार गरी अगाडी वढ्न मार्गनिर्देश गर्नुभयो।

सहसचिव
२५ मंसिर, २०७८

फोन नं.:-४२११७०३, ४२११७३७, ४२११५९९, ४२११८६४ फ्याक्स नं.:- ४२११८६८